कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३०७ | वि.सं. २०८१ फागुन १६ शुक्रवार | नेपाल संवत्: ११४५, फागुन कृष्ण औंसी | Friday 28 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# तीन वर्षपछि कार्यान्वयनमा आयो एक जिल्ला एक नमुना विद्यालयको योजना




**ओम शाही**

**सुर्खेत, १५ फागुन ।** कर्णाली प्रदेश सरकारले अघि बढाएको महात्वाकांक्षी योजनाका रुपमा रहेको 'मुख्यमन्त्री डिजिटल शिक्षा' र ' नमुना विद्यालय कार्यक्रम' तीन वर्षपछि कार्यान्वयनमा गएको छ । मंगलबार बसेको कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकले कार्यक्रममा लागि छनौंट भएका विद्यालयमा रकम पठाउने निर्णय गरेसँगै कार्यक्रम कार्यान्वयनमा गएको हो ।

सार्वजनिक शिक्षा सुधारसम्बन्धी (एक जिल्ला एक नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण एवम् शिक्षण सिकाइ सुधार र शिक्षकको पेशागत सहयोग) कार्यक्रम विगत तीन आर्थिक वर्षदेखि नीति तथा कार्यक्रम र बजेटमा लगातार समेटिँदै आएको भएपनि कार्यान्वयनमा भने जान सकेको थिए ।

केन्द्रमा भइरहने राजनीतिक फेरबदलको प्रभावले कार्यक्रम कार्यान्वयन गर्न राजनीतिक नेतृत्व चुक्दै आएको थियो । गत आर्थिक वर्ष २०८०/०८१ मा नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण शीर्षकमा प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत कार्यान्वयनमा जाने गरी १४ करोड रकम विनियोजन भएको थियो । तर, मन्त्रालयले कार्यक्रम कार्यान्वयनमा तदारुकता नदेखाउदा त्यो रकम फ्रिज भएको थियो ।

बाँकी ३ पेजमा

## यी हुन् छनौंटमा परेका विद्यालय

प्रदेश सरकारले 'मुख्यमन्त्री डिजिटल शिक्षा' र 'नमुना विद्यालय कार्यक्रम' अन्तर्गत छनौंट भएका विद्यालयमा सार्वजनिक शिक्षा सुधारअन्तर्गत सामुदायिक विद्यालयको प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, इ-लर्निङ, शिक्षण सिकाइ केन्द्र स्थापना गरिने जनाइएको छ ।

त्यस्तै, विद्यालय व्यवस्थापन प्रणाली स्थापना गरी दक्ष, सिपयुक्त र नैतिकवान् जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ प्रदेश सरकारले यो योजना अगाडि सारेको भएपनि लामो समयसम्म कागजमै सीमित रहन पुगेको थियो ।

सामाजिक विकास मन्त्रालयअन्तर्गतको शैक्षिक योजना तथ्यांक तथा अनुसन्धान शाखाले उक्त कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट भइसकेकोको भएपनि कानुनी अल्झन र सरकार परिवर्तनका कारण बजेट पठाउन समस्या भइरहेको जनाउँदै आएको थियो ।

बाँकी ३ पेजमा

# बाँके राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धन

## *राप्तीमा बोटिङ, जङ्गल सफारी र हात्ती सफारीको तयारी*

**सरला सुवेदी**

**कोहलपुर, १५ फागुन ।** बाँके राष्ट्रिय निकुञ्ज नजिक रहेको अगैया क्षेत्रको राप्ती नदीमा बोटिङ र ऱ्याफ्टिङको सम्भाव्यता अध्ययन हुने भएको छ । निकुञ्जले स्थानीय पर्यटन प्रवर्द्धनका लागि नयाँ योजनाहरू अगाडि बढाउँदै जङ्गल सफारी, हात्ती सफारी, चुरे हाइकिङलगायत गतिविधि सञ्चालन गरिरहेको छ ।




राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र प्रसाद कँडेलका अनुसार कुसुमबाट अगैया हुँदै मधुईसम्म बोटिङ गर्न योजना बनाइएको छ । "हाल पानीको सतह कम रहेकाले सुरु गर्न सकिएको छैन, तर पानी बढेपछि बोटिङ सञ्चालन गरिनेछ" कँडेलले बताए ।

निकुञ्ज क्षेत्रको पर्यटन विकासमा निजी क्षेत्रको लगानी आवश्यक रहेको भन्दै कँडेलले रोजगारी सिर्जना गर्ने उद्देश्यले स्थानीयलाई विभिन्न सीपमूलक तालिम सञ्चालन गरिरहेको जानकारी दिए । "ओभरी नजिकका क्षेत्रमा हात्ती सफारी, जङ्गल सफारी, मचान निर्माण, तथा पैदलयात्राका प्याकेजसहित पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रको संलग्नता अपरिहार्य छ," उनले भने ।

बाँके राष्ट्रिय निकुञ्ज प्रवेशका लागि कोहलपुर, ओभरी र अगैया गरी तीनवटा मुख्य नाका प्रयोग गर्न सकिन्छ । नेचर गाइडसहित पर्यटकले निकुञ्जमा प्रवेश गरेर विविध अनुभव लिन सक्ने व्यवस्था मिलाइएको छ । "निकुञ्जले पर्यटकका लागि आवश्यक पूर्वाधार तयार गरिसकेको छ, तर निजी क्षेत्रले त्यसलाई अझै पूर्ण रूपमा आत्मसात गर्न सकेको छैन," कँडेलले बताए ।

नेपालगञ्जका व्यवसायी कृष्णप्रसाद श्रेष्ठका अनुसार बाँके राष्ट्रिय निकुञ्ज पर्यटनका लागि अपार सम्भावना बोकेर बसेको छ, तर डेढ दशकको अवधिसम्म अपेक्षित पर्यटक आगमन नभएकोमा उनले चिन्ता व्यक्त गरे । व्यवसायी कृष्णलाल चौधरीले गाभर क्षेत्रमा वार्षिक २५ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको उल्लेख गर्दै "यिनीहरूलाई बाँके राष्ट्रिय निकुञ्जसम्म पुर्याउन विभिन्न योजना बनिरहेका छन्" भने ।

गाभर क्षेत्रमा थारू, मुगाली, र हुम्ली संस्कृतिको मिश्रण पाइन्छ । निकुञ्जसँगको नजिकका कारण पदयात्रा र वन्यजन्तु अवलोकनका लागि यो क्षेत्र प्रमुख गन्तव्य बन्ने सम्भावना रहेको व्यवसायीहरूको भनाई छ । २०६७ सालमा स्थापना भएको बाँके राष्ट्रिय निकुञ्ज नेपालकै कान्छो राष्ट्रिय निकुञ्ज हो । यो क्षेत्र दुर्लभ वन्यजन्तु र जैविक विविधताले सम्पन्न छ ।

निकुञ्ज कार्यालयका अनुसार

बाँकी ३ पेजमा

# रारास्थित एक होटेलमा आगलागी हुँदा चार भवन नष्ट

**युग संवाददाता**

**मुगु, १५ फागुन ।** यहाँस्थित रारा तालको किनारमा अवस्थित एक होटेलमा बुधबार राती आगलागी हुँदा चारवटा भवन नष्ट भएका छन् । आगोबाट काठै काठको संरचनाले बनेको ती भवनमा क्षति पुऱ्याएको जनाइएको छ ।

नेपाली सेना, कर्मचारी, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले विहिबार बिहान आगो नियन्त्रणमा लिएका थिए । आगलागीको जानकारी प्राप्त हुनासाथ जिल्ला सदरमुकाम गमगढीबाट प्रहरी नायब निरीक्षक दीपक केसीको नेतृत्वका १५ जना प्रहरी टोली रारा पुगेको थियो ।

जिल्ला प्रहरी कार्यालयले दिएको जानकारीअनुसार होटेलको भान्साबाट सुरु भएको आगोले त्यहाँ

बाँकी ३ पेजमा

# फोर्स दुर्घटना हुँदा एकको मृत्यु

**युग संवाददाता**

**सुर्खेत, १५ फागुन ।** सुर्खेतमा यात्रु बहाक फोर्स गाडी दुर्घटनामा परेको छ । बिहिबार दैलेखको दूल्लुबाट सुर्खेतका लागि छुटेको कर्णाली प्रदेश ०२००१ ख ०४९१ नम्बरको फोर्स गाडी वीरेन्द्रनगर-२, को बाङ्गेसिमल नजिक दुर्घटनामा परेको थियो ।

कर्णाली राजमार्गमा भएको उक्त दुर्घटनामा परी घाइते भएका १६ मध्ये एक जनाको मृत्यु भएको छ । उक्त दुर्घटनामा परी जिल्लाको बराहताल गाउँपालिका-५ कि अन्दाजी २८ वर्षीया भावना लामिछानेको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बाँकी ३ पेजमा

## श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल

वीरेन्द्रनगर-०४, सुर्खेत

### कर्मचारी आवश्यकता सम्बन्धीको सूचना

प्रस्तुत बिषयमा यस श्री प्रफेक्ट मन्टेश्वरी प्री-स्कुल वीरेन्द्रनगर-४, भैरवस्थान सुर्खेतको केहि रिक्त कोटामा तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकाले उक्त कोटा पदपुर्ति गर्नका लागी तपशिल बमोजिम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकले दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**विज्ञापन नं :** ०१

| क्र.स | पद | पद संख्या |
|---|---|---|
| १ | प्रबन्ध निर्देशक | १ जना |

**आकश्यक कागजात तथा योग्यताहरु**

- न्युनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक पास गरेको वा सो सरह योग्यता पुगेको ।
- शिक्षण पेशा सम्बन्धी र सामान्यतया लेखा व्यवस्थापन सम्बन्धी ज्ञान भएको ।
- उमेर : १८ वर्ष पुरा भई ५० वर्ष ननाघेका

**तलब स्केल :** बिध्यालयको नियमानुसार

**दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशित भएको मिति देखि ७ दिन सम्म हुनेछ ।

**थप जानकारीको लागी :** ९८५८०३०२१७ /९८५८०७०२९८/ ९८६८२९८६८२ /९८६३१५७३८१

*नोट : (प्रबन्धक निर्देशक पदका लागि मोटरसाईकल र कम्प्यूटर चलाउन सक्ने पुरुषलाई प्राथमीकता दिईने छ ।)*

**अध्यक्ष**

**सुमन नाथ योगी**




विश्वभरी एकै पटक इ-पेपरका लागि

www.yugnews.com

facebook https://www.facebook.com/yugnews

यहाँ स्क्यान गर्नुहोस् ।

Job Karnali — Jobkarnali.com

Tender Karnali — Tenderkarnali.com

ebazar — ebazar.com

yugnews.com

## सम्पादकीय....

# कागजमा सीमित नहोस् आयोजना छान्ने नीति

कर्णाली प्रदेश सरकारले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश हुने आयोजना प्रस्ताव तथा छनौंटमा भइरकेको बेथिति रोक्न प्रयास थालेको छ । प्रदेश सरकार स्थापनादेखि नै कर्णालीमा आयोजना प्रस्तावदेखि छनौंटमा स्वार्थ समूह हावी हुँदा जनताका अपेक्षा पुरा हुन नसेकको ठहर गर्दै यसलाई रोक्न कार्यविधि निर्माण गरिएको सरकारको दावी छ । प्रदेश सरकारले आम नागरिकका दैनिकीसँग नभई विचौलियाको योजना मुताविक आएका आयोजनाका आधारमा बजेट निर्माण गर्ने गरेको आरोप झेल्दै आएको छ । पहुँचमा हुनेहरुको गोजीबाट आयोजना छनौंट गरिँदा कर्णालीको बजेट कनिका जसरी छरिएको सरकार स्वयमले स्वीकार गर्दै आएको छ । उक्त आरोपलाई चिर्न कर्णाली प्रदेश योजना आयोगले आयोजनाको प्रस्ताव तथा छनौंट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ निर्माण भएको दावी गरिएको छ । उक्त कार्यविधि मन्त्रीपरिषद् बैठकले स्वीकृतसमेत गरिसकेको छ । प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन, प्राथमिकीकरण गरी छनौंट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न कार्यविधि निर्माण भएको सरकारी दावी छ ।

कार्यविधिमार्फत आयोजना छनौंट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहीता बढाउँदै आयोजनामा अनुशासन कायम गरी समग्र आयोजना छनौंट प्रक्रियालाई व्यवस्थित, प्रणालीबद्ध तथा संस्थागत गर्न टेवा पुग्ने सरकारले अपेक्षा राखेको छ । कार्यविधि अनुसार प्रदेश सरकारका बार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश हुने आयोजनाहरु छनौंट गर्न जिल्लास्तरीय आयोजना प्रस्ताव छनौंट सिफारिस समिति गठन गरिने छ । उक्त समितिले प्रदेश सरकारका जिल्लास्थित कार्यालयमा पेश भएका आयोजनाहरुका सम्बन्धमा छलफल, अन्तरक्रिया तथा विश्लेषण गरी प्रस्तावित आयोजनाहरु बीचमा समन्वय तथा दोहोरो नपर्ने गरी उपयुक्त आयोजना प्रस्तावहरु छनौंटका लागि विषयगत मन्त्रालयमा सिफारिस गर्ने जनाइएको छ । प्रदेश सरकारले कर्णालीको समृद्धिका लागि भन्दै अघि बढाएको यो योजना नौलो भने होइन । यसअघिका सरकारहरुले पनि कर्णालीको प्रणाली सुधार्न निकै महत्वपूर्ण योजनाहरु अघि सारेका थिए । तर, केन्द्रमा भइरहने राजनीतिक फेरबदलका कारण नयाँ आउने सरकारको नेतृत्वले प्राथमिकता नदिने प्रचलनले महत्वपूर्ण योजनाहरु कागजमै अलपत्र पर्ने गरेको दृष्टान्त हामीमाझ ताजै छन् ।

कतिपय योजनाहरु बिना अध्ययन सस्तो लोकप्रियताको होडबाजीले हचुवाका भरमा ल्याइदा कार्यान्वयनमा जटिलता हुने गरेको छ । सरकारले हालै जारी गरेको कार्यविधि प्रदेश स्थापनादेखि नै लागु गरिनुपर्ने थियो । यसले विगत सात वर्षको अवधिमा बिचौलियाका कारण अनुत्पादक क्षेत्रमा गएको कर्णाली सरकारको ठुलो पूँजि जोगाउन मद्दत पुग्ने थियो । यस अवधिमा आयोजना प्रस्तावदेखि छनौंटसम्मका कामहरु बिचौलियाको प्रभावले बन्द कोठाभित्र तय भएको बजेटले खास नतिजा देखाउन नसकेको अवस्था छ । ढिलै भएपनि सरकारले योजना छनौंट प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउँन थालेको प्रयास सकारात्मक छ । यसले पक्कै पनि कर्णालीको विकास निर्माणमा सुधारका संकेत देखाउनेछ । यसमा सबै राजनीतिक दलको साझा धारणा बन्नु पर्दछ । विकास निर्माण होस् या अन्य कुनै सार्वजनिक महत्व राख्ने योजना कागजमा मात्रै तय गरिनुलाई महत्वपूर्ण मानिँदैन । महत्वपूर्ण त त्यसको प्रभावकारी कार्यान्वयन हो । यसमा वर्तमान सरकार प्रतिवद्ध रहन्छ वा विगतकै सरकारको रबैया सापटी लिन्छ, त्यो हेर्न धैरै समय भने पर्खनुपर्ने छैन ।

## विश्व

### बंगलादेशका सेना प्रमुखको चेतावनी- देशको सार्वभौमिकता ठूलो जोखिममा छ

**काठमाडौं, १५ फागुन ।** बंगलादेशका सेना प्रमुख जनरल वाकर-उज-जमानले देश खतरामा रहेको बताएका छन् । सेनाले आयोजना गरेको एउटा कार्यक्रममा सेनाप्रमुख जनरल उज-जमानले बंगलादेशमा पछिल्लो समय भएका घटनाक्रमले देश खतरामा रहेको बताएका हुन् । त्यसकारण तत्काल राष्ट्रिय एकता र संस्थागत अनुशासन अपरिहार्य रहेको पनि उनले बताए ।

'समाजमा निरन्तर र द्रुत गतिमा बढ्दो आन्तरिक कलहले बंगलादेशको सार्वभौमसत्तालाई ठूलो जोखिममा पारेको छ,' उनले भने । बंगलादेशमा विद्यार्थीहरले सुरू गरेको देशव्यापी प्रदर्शनपछि प्रधानमन्त्री शेख हसिना देश छाडेर भागेकी थिइन् । अहिले उनी भारतको शरणमा छिन् भने बंगलादेशमा मोहम्मद युनुसको अन्तरिम सरकार छ । हसिनाको बहिर्गमन र अन्तरिम सरकार गठनपछि बंगलादेश शान्त हुने अनुमान थियो । तर युनुस नेतृत्वको सरकार बनेपछि पनि त्यहाँ प्रदर्शनहरू भइरहेका छन् । फेब्रअरीदेखि त्यस्तो प्रदर्शनले अझै ठूलो रूप लिएको छ । राष्ट्रिय एकता आवश्यक रहेको बेला आफू-आफू लड्ने र दोष एक अर्कालाई दिन खोज्दा बंगलादेशको भलो नचाहने र अहिलेको अवस्था नचाहेकाहरूका लागि अनुकूल परिस्थिति बन्ने खतरा रहेको पनि जनरल उज-जमानले बताए ।

उनले अहिले बंगलादेशमा अराजकता मौलाएको र त्यसलाई निस्तेज गर्न प्रहरी प्रशासन पनि कमजोर रहेको बताए । 'प्रहरीहरू पनि डराएका छन् । यसअघि आफ्नै साथीहरुलाई विभिन्न मुद्दा लगाइएकाले उनीहरू डराइरहेका छन् । सुरक्षा निकाय कमजोर हुन शान्ति र अमनचयनका लागि खतरा हो,' उनले भने ।

राजनीतिक परिवर्तनपछि सबै एकताबद्ध भएर अन्तरिम सरकारलाई सहयोग गर्नुपर्ने उनले बताए । तर आफै आफै लडेर भयानक परिस्थिति सिर्जना गर्न नहुने उनको भनाइ छ ।

'म तपाईंहरू (सम्पूर्ण बंगलादेशी) लाई चेतावनी दिन्छु,' उनले भने, ' यदि तपाईंहरू आफ्ना मतभेदहरूभन्दा बाहिर जान सक्नुहुन्न र आपसमा हस्तक्षेप र लडाइँ जारी राख्नुहुन्छ । मर्ने, मार्ने र घाइते बनाउने काम जारी राख्नहुन्छ भने देशको अखण्डता र स्वतन्त्रता जोखिममा पर्नेछ,' उनले भने । उनले बंगलादेशमा शान्ति र अमनचयनबाहेक आफ्नो अरू आकांक्षा र उद्धेश्य नरहेको पनि बताए । जनरल उज-जमानले हसिनाको बहिर्गमनपछि बंगलादेशको सेना प्रमुखको पदभार ग्रहण गरेका थिए ।

बंगलादेशमा पछिल्ला केही महिनाहरूमा हिंसा, तोडफोड, दंगा र अन्य प्रकारका आपराधिक गतिविधिहरूमा वृद्धि भएको छ । फेब्रुअरीसम्म प्रदर्शन चरम सिमामा पुगेपछि सुरक्षा बलले 'अपरेशन डेभिल हन्ट' चलाएको थियो । उक्त अपरेशनमा ८ हजार ६ सय जना पक्राउ परेका थिए ।

सेना प्रमुख जनरल उज-जमानले जबर जस्ती बेपत्ता पार्ने, हत्या गर्ने र नागरिकहरूलाई यातना दिने जस्ता आरोपबारे छानबिन गर्नुपर्ने चेतावनी दिए । 'दण्ड सुनिश्चित गर्नुपर्छ,' उनले भने, 'अन्यथा, हामी त्यही चक्रमा फस्नेछौं ।'

उनले बंगलादेशमा चुनाव गर्ने बाटोमै अन्तरिम सरकार रहेकाले सबैले सहयोग गर्नुपर्ने बताए ।

# शासन प्रणालीको जग वडा



✍ लक्ष्मीविलास कोइराला

नेपालको शासनप्रणालीको तल्लो निकाय नगर तथा गाउँपालिका अर्थात् स्थानीय सरकारमा रहने वडा हुन् । सङ्घीय शासनप्रणालीमा वडा सङ्घीयताको जग हुन् भन्ने भाष्य विकास भएको छ । वडा स्थानीय नागरिकले देख्ने, सुन्ने र भेट्ने सबैभन्दा नजिक रहेका राजनीतिक प्रशासनिक अङ्ग हुन् । केन्द्रमा रहेको अधिकार वडामार्फत निःसृत हुन्छ । त्यसैले भन्ने गरिन्छ, सिंहदरबारको अधिकार गाउँ गाउँमा । नेपालको संविधानले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानले सङ्केत गरेको स्थानीय तहको जिम्मेवारीलाईस्पष्ट गरेको छ । विज्ञहरूले स्थानीय सरकारको जिम्मेवारीलाई अझै सूक्ष्मीकरण गर्दै स्पष्ट गर्न खोजेका छन् ।

'अनबन्डिलिङ' ले वडाहरूको जिम्मेवारी निरन्तर विस्तार हुँदै गएको छ । वडाहरू सङ्घीय शासनप्रणालीको जग भएको प्रमाणित गर्न वडाबाट प्रवाह हुने सार्वजनिक सेवा निःसर्त प्रभावकारी, उत्तरदायी र उत्पादक हुन अनिवार्य बनेको छ ।

### वडाको गठन

नेपालको सङ्घीय शासनप्रणालीमा सरकारका तीन तह छन् । तीनमध्ये एक तह स्थानीय सरकार हो भने वडा तह अतिरिक्त सरकार हो भन्दा अत्युक्ति हुँदैन । नेपालमा २९३ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय तहका छ हजार ७४३ वडा रहेका छन् । नेपालको संविधानले वडाको गठन व्यवस्था गरेको छ । पालिकाका वडाध्यक्षलगायत चार जना सदस्य प्रत्यक्ष बालिग मतदानबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । जननिर्वाचित छ हजार ७४३ वडाध्यक्ष वडा समितिको कार्यकारी अधिकार प्रयोग गरी वडालाई क्रियाशील, उत्तरदायी र नागरिकमुखी बनाउन जिम्मेवार र उत्तरदायी हुन्छन् ।

### वडाध्यक्षको जिम्मेवारी

निर्वाचित वडाध्यक्षले वडाको कार्यकारी अधिकार प्रयोग गर्दछ । वडाध्यक्ष पालिकाका अध्यक्ष र मेयरको अन्तर्गत नभएर उनीहरूको टिमको एक सदस्य मात्र हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ ले योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने, विकास कार्य सञ्चालन गर्ने, स्थानीय तथ्याङ्क अद्यावधिक तथा संरक्षण गर्ने, सञ्चालित कार्यको नियमन गर्ने र सिफारिस तथा प्रमाणित गर्ने जस्ता पाँच बृहत् शीर्षकमा वडाको जिम्मेवारी र कार्यक्षेत्र स्पष्ट गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख नभएका वडास्तरीय अवशिष्ट कार्य अनगन्ती छन् । छरछिमेकमा हुने झैझगडामा मिलापत्र, लेनदेन विवाद सुल्झाउने, उद्घाटन र शिलान्यास गर्ने तथा वार्ता र सम्झौता जस्ता कार्यसम्पादन पनि वडाध्यक्षले नै गर्नुपर्ने हुन्छ । वडाध्यक्षले गाउँ तथा नगर कार्यपालिकाका बैठकमा सहभागी भई पालिकाका निर्णय गर्नुपर्ने हुन्छ । कार्यपालिका अन्तर्गतका समितिमा रहेर कानुन तर्जुमा, योजना कार्यक्रम निर्माण, बजेट बाँडफाँट जस्ता कार्य पनि गर्नुपर्ने हुन्छ । त्यसका अतिरिक्त वडाध्यक्षले पालिकाको प्रवक्ताको भूमिका पनि निर्वाह गर्नु पर्छ ।

### वडाध्यक्ष एक राजनीतिक नेतृत्व

पालिकाको वडाध्यक्ष वडाको राजनीतिक नेता हो । सुम्पेको संवैधानिक र कानुनी अधिकार र जिम्मेवारी पूरा गर्न वडाध्यक्षले नेतृत्वदायी भूमिका खेल्नुपर्ने हुन्छ । वडाध्यक्षले वडाध्यक्ष, पालिकाको नीति निर्माता, परियोजनाको छनोटकर्ता, वडा र पालिकाको सम्पर्कसूत्र, वडामा सञ्चालित विकासनिर्माणका कार्य र सार्वजनिक सेवा प्रवाहको अनुगमनकर्ता, वडामा उत्पादित सूचनाको वितरक अर्थात् प्रवाहकर्ता, प्रवक्ता, नागरिकका लागि नयाँ नयाँ कार्यक्रमको पहिचानकर्ता उद्यमी, वडाभित्रका झैझगडा मिलाउने मेलमिलापकर्ता, वडाको स्रोतसाधनको वितरक, समाजसेवी, राजनीतिक दलसँगको सहजकर्ता तथा वडाको कुशल नेतृत्वको भूमिका निभाउनुपर्ने हुन्छ ।

### जिम्मेवारी र वृत्ति विकास

वडाध्यक्ष पद राजनीतिक वृत्ति विकासको पहिलो खुड्किलो हो । वडाध्यक्षको राजनीतिक महत्वलाई अध्ययन गर्ने हो भने आजका वडाध्यक्ष भोलि पालिकाको अध्यक्ष, मेयर वा सांसद हुने हुन् । वडाध्यक्षको जिम्मेवारीलाई एक हिसाबले 'मिनी देश' को जिम्मेवारी भन्न सकिन्छ । वडाध्यक्षहरू बिहान उठेदेखि साँझसम्म जनताको घरदैलो, जनताका दैनिक समस्या समाधान र विकासनिर्माणका काममा जुटेको पाइन्छ । वडाध्यक्षको जिम्मेवारीलाई मनन गर्ने हो भने कम्तीमा पनि उनीहरूका लागि कानुन, इन्जिनियरिङ, स्वास्थ्य, शिक्षा, विकास, प्रविधि जस्ता एक से एक विधामा ज्ञान, सिप र दक्षताको आवश्यकता पर्छ ।

### उत्प्रेरणा र अनुत्प्रेरणाका तत्व

वडाध्यक्षलाई बिहानदेखि साँझसम्म काममा संलग्न गराउने तीन वटा उत्प्रेरणाका तत्व छन् । पहिलो, तत्व राजनीतिक वृत्ति विकास हो । दोस्रो, सामाजिक कार्यसम्पादनबाट प्राप्त हुने सन्तुष्टि हो भने तेस्रो, सेवाबाट मतदातालाई खुसी दिन सकेको अवस्था हो । नागरिक वा मतदाताको सेवामा समर्पित वडाध्यक्षलाई निष्क्रिय गराउने अनुत्प्रेरक तत्व पनि छन् । अनुत्प्रेरणाको पहिलो तत्व कानुनी ज्ञानको अभाव, दोस्रो, कर्मचारी परिचालन गर्ने सिप र तेस्रो, जिम्मेवारीलाई केस्रा केस्रामा बुझ्ने क्षमताको कमी हो । क्षमता विकासको अभावले कार्यसम्पादनलाई अलमल्याएको देखिन्छ । वडाध्यक्षहरू राजनीतिक पार्टीका कनिष्ठ सदस्य भएकाले पार्टीमा पहुँच कम हुन्छ । अध्यक्ष वा मेयर तथा उपाध्यक्ष वा उपमेयरले वडाध्यक्षको विचार, राय तथा सरसल्लाहलाई मनन गर्ने मूल्य दिने प्रवृत्तिको अभावले पनि वडाध्यक्षलाई गलाएको देखिन्छ ।

वडाध्यक्षले कसरी काम गरिरहेका छन् त ? एउटा जटिल प्रश्न हाम्रो सामुन्ने खडा हुने गर्दछ । वडाध्यक्षले तीन वटा लौरीको सहारामा काम गरिरहेको देखिन्छ । पहिलो लौरी, पढेलेखेका वडाध्यक्ष आफैं पढेर बुझेर काम गर्न खप्पिस भएको देखिन्छ । दोस्रो, वास्तवमै वडाध्यक्ष केही पनि जान्दैनन् तर अधिकारको आडमा सबै जानेको अभिनय गर्न र कर्मचारीलाई काम लगाउन सक्षम छन् । तेस्रो, वडाध्यक्ष पदमा निर्वाचित हुनेबित्तिकै सर्वज्ञ हुनुपर्ने अहङ्कारबाट प्रेरित भई येनकेन काम गरिरहेका छन् ।

### क्षमता विकासमा रहेका कमजोरी

पालिकाहरू आफ्नो जिम्मेवारी पूरा गर्न सक्षम नहुनुमा पालिकाको अध्यक्ष वा मेयरपछि वडाध्यक्ष कमजोर हुनु हो भन्ने गरिन्छ, किन ? राजनीतिक नेता एक पटक निर्वाचित हुन्छन् । एक अवधि नागरिकको सेवा गर्छन्, फेरि जनताको मूल्याङ्कनमा जान्छन् । कति निर्वाचित भएर फर्कन्छन् कति फर्कँदैनन् । दोहोर्‍याएर जित्नेहरू त ज्ञान, सिप र दक्षताबाट पूर्ण हुन सक्छन् तर पहिलो पटक जित्नेलाई क्षमता विकास गर्नुपर्ने हुन्छ । पहिलेदेखि निर्वाचित हुँदै आएका जनप्रतिनिधिको ज्ञानमा पनि बेलामौकामा साँध लगाएर उद्याउनुपर्ने हुन्छ । निर्वाचित पदाधिकारी र वडाध्यक्षको शैक्षिक योग्यता र जिम्मेवारीबिच सन्तुलन देखिँदैन ।

पालिकाका वडाध्यक्षले निभाउनुपर्ने भूमिकाका लागि १० औं विषयमा मास्टर डिग्री हुनुपर्ने हुन्छ तर कतिपय वडाध्यक्षको सामान्य लेखपढ गर्नसमेत नसक्ने अवस्था छ । वडाध्यक्षहरू कानुनी, प्रशासनिक ज्ञान, सिप, दक्षताबिना पाइला सार्न सक्दैनन् । वडाध्यक्षले गर्ने सिफारिस र प्रमाणीकरण अत्यन्त संवेदनशील विषय हुन् । नागरिकताको सिफारिस गलत भयो भने देशको अखण्डता र एकता नै जोखिममा पर्छ भने गलत कुरा प्रमाणित हुन गयो भने त्यसले पनि घातक परिणाम दिन्छ । वडाध्यक्षले गर्नुपर्ने प्रमाणीकरण र सिफारिसका कार्य कानुनी रूपमा जति जटिल एवं संवेदनशील छन् त्यति नै जटिल त्यस सम्बन्धमा गरिने सर्जमिन मुचुल्का छ । वडाध्यक्षले भगवान् भरोसामा कार्य गर्दै आएको देखिन्छ ।

पालिकाका सभा, बैठक सञ्चालन जस्ता आधारभूत विषयदेखि योजना परियोजना तर्जुमा, निर्णय निर्धारणका कार्य हुन्छन् । वडाध्यक्षको जिम्मेवारी स्विच थिचे झैं स्वाट्ट हुने होइन । आजको ज्ञान र सूचनाको युगमा कमजोर क्षमताले कार्यसम्पादन गर्न सक्दैन । एउटा विद्यार्थी ५० औं विधामा पारङ्गत हुने चमत्कार तिलस्मी दन्त्यकथामा मात्रै सुन्न र पढ्न पाइन्छ । जिम्मेवारीलाई विचार गर्दा पालिकाका वडाध्यक्ष बहुप्रतिभा र क्षमताले सम्पन्न हुनु पर्छ तर पालिकाका वडाध्यक्षमा आफ्नो जिम्मेवारी पूरा गर्न न्यूनतम आवश्यक क्षमताको पनि कमी देखिन्छ ।

वडाध्यक्ष भइसकेपछि वडाध्यक्षलाई उनीहरूले गर्नुपर्ने, गर्न हुने र गर्न नहुने कार्यको जानकारी दिनुका साथै कार्यसम्पादनका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु पर्छ । राजनीतिक पार्टीले निर्वाचनमा उम्मेदवार हुँदा वा निर्वाचनमा विजय भएपछि आफ्ना वडाध्यक्षलाई जिम्मेवारी र कार्यसम्पादन प्रक्रियाका सम्बन्धमा सामान्य जानकारीसम्म दिने गरेको देखिँदैन । सङ्घीय तथा प्रदेश सरकारले पनि स्थानीय सरकारको क्षमता विकासमा पर्याप्त ध्यान दिएको पाइँदैन । केही क्षमता विकासका कार्यक्रम जिल्लाको सदरमुकाममा रहेका पालिकाका मेयर, उपमेयर वा अध्यक्ष र उपाध्यक्षसम्म मात्र पुगेका छन् । सञ्चालित क्षमता विकासका कार्यक्रमले वडाध्यक्षलाई चिनेकासम्म छैनन् ।

पालिकाहरूले मूलतः विकासनिर्माणका कामलाई केन्द्रित गरेको देखिन्छ । फलस्वरूप पालिकाको कुल बजेटको अति ठुलो हिस्सा विकासनिर्माणमा विनियोजन गर्ने प्रवृत्ति छ । त्यसको मुख्य कारण भौतिक निर्माणका काम देखिन्छन् र मतदाताको वाह ! वाह ! पाइन्छ । पालिकाको बजेट बाँडफाँट गर्दा विकासनिर्माणका कार्यक्रमबाट बचेको पैसा सार्वजनिक सेवा प्रवाहमा विनियोजन हुन्छ । पालिकाका निर्वाचित पदाधिकारी र कर्मचारीको क्षमता विकासमा या त बजेट विनियोजन नै गरिँदैन या त नगण्य मात्रामा विनियोजन गर्ने गरेको पाइन्छ । मानव संसाधनको क्षमता विकासमा गरेको खर्चको उपलब्धि अरूले देख्दैनन् । फलस्वरूप मानव संसाधनको क्षमता विकास कार्यक्रमले प्राथमिकता पाएको देखिँदैन ।

### क्षमता विकास

स्थानीय सरकारको सफलता/असफलता वडाध्यक्षमा निर्भर रहेको छ । पालिकाका वडाध्यक्ष पालिका निर्माणका कर्णधार हुन् । उनीहरूमा कार्यसम्पादन क्षमता कमी भयो भने स्थानीय नागरिकले सास्ती पाउँछन् । सङ्घीय शासनप्रणालीलाई मजबुत बनाउन, नागरिकलाई सहज वातावरणमा सार्वजनिक सेवा प्रवाह गर्न र स्थानीय नागरिकको सुरक्षाको प्रतीक बन्न वडाध्यक्ष सक्षम हुनु पर्छ । वडाध्यक्षको जिम्मेवारीमा आधारित कानुनको ज्ञान, स्थानीय सरकार सञ्चालनको प्रक्रिया, स्थानीय योजना तर्जुमा र कार्यान्वयन, क्रसकटिङ विषयको जानकारी तथा प्रशासनिक ज्ञान जस्ता विषय समेटेर क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु पर्छ । भोलिका दिनमा पालिकाको गहन जिम्मेवारी लिएर बसेका वडाध्यक्षको क्षमता विकासमा सङ्घीय, प्रदेश र स्थानीय सरकार चुक्ने छैनन् भन्ने विश्वास रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** पारिवारिक सम्बन्धलाई सुधार गर्ने दिन रहेको छ । शत्रुहरू पराजित हुनेछन् । आत्मीयजनको सानिध्यताले मनमा स्फूर्ति जाग्नेछ ।

**वृष:** व्यापार व्यवसायमा लाभ रहनेछ । कार्यक्षेत्रमा मनपर्दो कार्यहात लाग्नाले मन प्रसन्न रहनेछ । युवा वर्गहरूको इष्टमित्रहरूसँग रमाइलो समय बित्नेछ ।

**मिथुन:** धर्म कर्ममा रुचि बढ्नेछ । आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ । कार्यक्षेत्रमा कठोर निर्णय लिने समय रहेको छ । भविष्यलाई लिएर विशेष योजनाहरू बन्नेछन् ।

**कर्कट:** कठिन काम बन्नाले मनमा उत्साह जगाउनेछ । धार्मिक र सामाजिक कार्यमा व्यस्त रहनुपर्ला । स्वास्थ्यलाई लिएर सचेत रहनुहोस् ।

**सिंह:** कार्यक्षेत्रमा मेहनतले गर्दा कठिन लक्ष्य हासिल गर्न सकिनेछ । व्यापार व्यवसायमा अप्ठ्यारा परिस्थितिहरूसंग सम्झौता गर्नुपर्ला ।

**कन्या:** कार्यको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । विद्यार्थी वर्गहरूलाई पठनपाठनमा मन लाग्नेछ । अवसरवादीहरूबाट सावधान रहनुहोला ।

**तुला:** सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । सन्तानको प्रगतिलाई लिएर मन चिन्तित रहनेछ । कार्यक्षेत्रमा शत्रुहरूले कमजोरीको फाइदा उठाउन सक्लान् सावधान रहनुहोस् ।

**वृश्चिक:** दोहोराएर प्रयत्न गर्दा कार्यमा राम्रो सफलता मिल्नेछ । विशेष योजनाहरू गोप्य राखेर अगाडि बढ्नुहोस् । आफन्तहरूको सोचेजस्तो सहयोग नमिल्ला ।

**धनु:** नोकरी वा पेशामा संवैधानिक पदको मर्यादा राख्नुहोला । ठुलो भागको आसा नराखिकन कर्म गर्ने प्रयास गर्नुहोस् । श्रमको उचित मूल्यांकन मिल्नेछ ।

**मकर:** प्रियजनहरूको भेटघाटले मन प्रशन्न रहनेछ । व्यापारको सम्बन्धमा गरिएको यात्रा लाभदायी रहनेछ । अरुको झैं झगडा सुल्झाउन आफू अगाडि नबढ्नुहोस् ।

**कुम्भ:** पद प्रतिष्ठामा वृद्धि हुनेछ । दिन उर्जावान रहनेछ । सानो प्रयासले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । परिस्थितिवस चिताएको काम सम्पादन नहुन सक्ला ।

**मीन:** कार्यक्षेत्रमा परिश्रम अनुसार फलको प्राप्ति हुनेछ । वैदेशिक भ्रमणको लागि अवसर प्राप्त होला । राजकीय र प्रशासनिक क्षेत्रमा सहयोग मिल्नेछ ।

# कर्णालीमा मुख्यमन्त्रीसँग सत्तारुढ दल कांग्रेस फेरि असन्तुष्ट

**युग संवाददाता**
**सुर्खेत, १५ फागुन ।**

कर्णालीमा सत्तारुढ दल नेपाली कांग्रेस मुख्यमन्त्री यामलाल कँडेलको कार्यशैलीमाथि प्रश्न उठाउँदै असन्तुष्ट देखिएको छ। केही समयअघि प्रदेशसभामै सरकार छाड्ने चेतावनी दिएका कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले पुनः सरकारसँग असन्तुष्टि व्यक्त गरेका हुन् ।


मंगलबार मन्त्रिपरिषद्को बैठक बस्नुअघि शाहीले कांग्रेस संसदीय दलको आकस्मिक बैठक बोलाएका थिए। बैठकमा सहभागी एक सांसदले रातोपाटीसँग भने, 'समपूरक अनुदानका आयोजनाहरू एकतर्फी (मुख्यमन्त्रीतर्फ) जान थाल्यो भन्ने सुनेपछि एक्कासि बैठक बसेको हो ।'

विज्ञापन पोस्ट गर्नुहोस् सबै हेर्नुहोस्

समपूरक आयोजना भनेको केन्द्र र प्रदेश दुवै तहका सरकारको सह-लगानीमा आधारित हुन्छ। प्रदेश सरकारले प्रदेशको महत्त्वपूर्ण योजना भनेर सुरुमा मन्त्रिपरिषद् बाट निर्णय गरी केन्द्रमा पठाउँछ भने त्यसमा आवश्यक बजेट माग गर्छ। सोही अनुसार केन्द्रले स्वीकृत गरेर बजेटको व्यवस्थापन गर्छ। केन्द्रले जति बजेट विनियोजन गर्छ, प्रदेशले पनि सोही अनुसार बजेट विनियोजन गरेर कार्यान्वयन गर्नुपर्छ।

प्रदेश सरकार यतिबेला त्यस्ता आयोजना छनोट गर्ने तयारीमा छ। जसको म्याद फागुन २९ गतेसम्मका लागि रहेको बताइएको छ। यद्यपि त्यस्ता आयोजनामा मुख्यमन्त्रीले एकलौटी गर्न खोजेको कांग्रेसका एक सांसदले रातोपाटीलाई बताए।

'त्यस्ता आयोजनाहरू मुख्यमन्त्रीको 'इन्ट्रेस्ट'मा जान थाल्यो भन्ने कुरा आयो। र, मंगलबार बसेको मन्त्रिपरिषद्मा उक्त एजेण्डा लैजाने तयारी रहेको भन्ने पनि सुनियो,' ती सांसदले भने, 'तर उक्त बैठकमा एजेण्डा पेस गरिएन ।'





उनका अनुसार संघीय समपूरक र विशेष अनुदानमा ठुलो बजेट आउँछ। अहिले कम्तीमा १० वटा रणनीति आयोजना छनोट गरेर पठाउने गरी तयारी छ। ती योजनाहरू करोडौँ बजेटका हुन्छन् । 'मुख्यमन्त्रीले एकलौटी तरिकाले जान थालेपछि सत्ता सहकार्य कसरी हुन्छ ?,' भन्दै दल नेता शाहीले बैठकमा आक्रोश व्यक्त गरेको ती सांसदको भनाइ छ।

यता, कांग्रेस सांसद जानकी सिंहका अनुसार मुख्यमन्त्री आफ्नो एजेण्डा मात्र पास गराउन खोज्ने, कांग्रेसको कुरा नसुन्ने गरेको भन्दै कांग्रेसका मन्त्रीहरूले बैठकमा गुनासो गर्ने गरेका छन् । 'उहाँले सबै आफ्नो कुरा मात्र ठिक भन्ने, साझेदार दलको कुरै नसुन्ने भयो,' उनी भन्छिन्, 'गठबन्धनको सरकार भएपछि त साझा एजेण्डा हुनुपर्‍यो नि !'

त्यस्तै मुख्यमन्त्रीले खासै राम्रो काम गर्न नसकेको कांग्रेसको निष्कर्ष रहेको पनि उनले बताइन् । 'उहाँमा खासै एक्सन देखिएन। १/२ पटक ध्यानाकर्षण गराउने, नसच्चिए सोच्नुपर्ने अवस्था पनि आउन सक्छ भन्ने छ,' उनले भनिन्, 'यद्यपि सरकारै छाड्ने विषयमै पुग्ने गरी निर्णय भने भएको छैन ।' दुई दलबिचमा देखिएको शङ्का, असमझदारीलाई दुवै दल नेताहरूबिच छलफल गरेर निकास दिनुपर्ने उनको धारणा छ।

तर, कांग्रेसबाट सरकारमा सहभागी एक मन्त्रीले भने त्यस्तो गम्भीर समस्या नरहेको बताए। 'अरू केही हैन, हाम्रो दलका सांसदले हाम्रा मन्त्रीले हामीलाई किन गन्दैनन् भनेर भन्नु भएको हो,' उनले भने, 'मुख्यमन्त्रीसँग त्यस्तो कुनै समस्या छैन ।'

यद्यपि समपूरक अनुदानको विषयमा भने दुई दलहरूबिच खासै समन्वय भने हुन नसकेको उनले बताए। 'दुई दलका दल नेताहरू बसेर छलफल गर्ने र निकास दिने कुरा भएको छ,' उनले भने।

सरकारका प्रवक्ता विनोदकुमार शाह पनि सत्ता सहकार्यमा त्यस्तो कुनै समस्या नरहेको बताउँछन् । यद्यपि भित्रभित्र के कुरा भएको छ, त्यो बारे आफू जानकार नभएको उनको भनाई छ।

'उहाँहरूको असन्तुष्टि के हो त्यो विषयमा छलफल हुन्छ,' उनले भने, 'दुई दलका नेताहरू बसेर छलफल होला। मुख्यमन्त्रीले उहाँहरूलाई असन्तुष्टि हुने गरी काम गरेको देखिँदैन। उहाँहरूलाई त्यस्तो फिल भएको छ भने दुई दलका नेताबिच बसेर समझदारी हुन्छ होला ।'

यता, मुख्यमन्त्री निकट स्रोत भने कांग्रेसले अनावश्यक लफडा निकाल्ने काम गरिरहेको बताउँछ। 'खासमा अहिले मुख्यमन्त्रीले धेरै सुधारका काम गरिरहनु भएको छ,' स्रोत भन्छ, 'योजनामा हुने बेथिति रोक्नेदेखि आन्तरिक रूपमा सरकारलाई बलियो बनाउने काम भएका छन् । यो कुरा कांग्रेसलाई पचेको छैन ।'

कांग्रेसले बरु आफ्ना मन्त्रीहरूलाई कार्यसम्पादनमा सुधार गर्नतर्फ अग्रसर गराउनुपर्ने एमालेका एक सांसद बताउँछन् । 'अर्धवार्षिक समीक्षामा कांग्रेसको, त्यसमा पनि जीवन शाहीजीको नजिकको जलस्रोतमन्त्रीको कार्यसम्पादन सबैभन्दा कमजोर रह्यो,' ती सांसदले भने, 'आफ्ना मन्त्रीले काम गर्दैनन् अनि मुख्यमन्त्रीले राम्रो गर्न थालेपछि भाँजो हाल्ने ?'

एमालेका अर्का सांसद भन्छन्, 'जीवनजीमा पछिल्लो समय अनावश्यक रिस बढेको जस्तो छ, केही पहिला मन्त्रीले फोन नउठाएको भरमा सरकार छाड्ने धम्की दिनुभयो ।'

समपूरक योजनाको विषयमा अहिले छनोट नभएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ। 'सम्बन्धित मन्त्रालयले योजना आयोग हुँदै मन्त्रीपरिषद्मा पठाउने हो,' सचिवालयका एक सदस्यले भने, '२९ गतेसम्म म्याद छ।'

*(रातोपाटी)*

# खडेरीले सुक्दै धितौर उद्यान लगाइएका जडिबुटी

**गोल्डेन बुढा**
**जुम्ला, १५ फागुन ।**

जुम्लाको गुठिचौर गाउँपालिका -५ मा रहेको धिताचौर वनस्पती उद्यानमा अनुसन्धानका लागि लगाइएका हजारौं वनस्पतिहरु खडेरीले सुकेका छन। २०५६ सालमा स्थापना भएको उद्यानमा सय भन्दा बढि प्रजातिका झण्डै १० हजार भन्दा बढि वनस्पति रोपेर अनुसन्धान भइरहेको छ।

अहिले पानी बोकेर भएपनि विरुवामा हाल्ने गरिएको छ। यही खडेरी लामो समय कायम रहने अवस्थामा जडिबुटी बचाउन नसकिने चौकीदार मीतानन्द न्यौपानले बताए।यो जडिबुटी रोपेर सिचाइँ गर्ने समय हो।

यही समयमा पानी नै छैन,उनले भने, 'कहाँ देखि पानी ल्याएर सिचाइँ गर्ने हो चिन्ता लाग्छ।' पाटनमा लोप भइरहेको जडिबुटीको अनुसन्धान यही उद्यानमा भइरहेको छ। तर सिचाइँ अभावमा सुकेर जान थाले। जसले अनुसन्धान समेत प्रभावित बनिरहेको छ।' यहाँ सफल भएका वनस्पतीहरु किसानलाई सिफारीस गर्दै आइरहेको छ।

धिताचौर वनस्पति उद्यान विशेष गरी कर्णाली क्षेत्रमा पाइने वनस्पतिहरुको संरक्षण तथा अनुसन्धान गर्ने, प्रविधिमा विकास गर्ने, रैथाने, दुर्लभ तथा संकटापन्न वनस्पतिहरुको संकलन, अध्ययन अनुसन्धान, संरक्षण गर्ने उद्देश्यले स्थापना गरिएको हो। जुम्लाका ८ वटै स्थानीयतहका किसानले यहाँ अनुसन्धान भइरहेका विरुवाहरु लैजाने गरेका छन।

मीतानन्दले भने, 'यो पटक आकाशे बर्षा पनि भइरहेको छैन। पानीका मुहानहरु समेत सुकिरहेका छन्। यो अवस्थामा उद्यान भित्रैका वनस्पती बचाउन हम्मेहम्मे छ।' २०४८ सालदेखि उद्यानमा चौकीदारीको काम गरिरहेका मीतानन्दले अहिले सम्म खडेरी बेहोरेका थिएनन। पानीको अभावले समस्या त भइरहन्थ्यो तर आकाशे हिमपात र बर्षाले हरेक बर्ष राहत दिएकै हुन्थ्यो। यो पटक न अहिले सम्म हिउँनै पर्यो नत सिचाइको लागि प्रयाप्त पानी नै छ,उनले थपे,' आफैले रोपेको वनस्पती सुक्दा मन कटक्क खान्छ।'उद्यानमा रोपिएका वनस्पती संरक्षण तथा रेखदेखको लागि ६ जना चौकीदार गर्ने कर्मचारीहरु खटिएका छन। उद्यानका वनस्पति बचाउनको लागि भित्रै दुई पानी पोखरी छन्। तर पोखरीमा पानी छैन।

एक घण्टा टाढा कानीकोट भन्ने स्थान देखि ल्याइएको पानी सुकिसकेको छ। अर्का चौकीदार राजु धितालले भने, 'मुहान देखि मुख सम्म पानी ल्याउन कठिन छ। पोखरीमा चुहिने थोपा पानीले विरुवामा सिचाइँ गर्न पुगिरहेको छैन। विरुवा कसरी बचाउने भन्ने चिन्ताले पिरोल्छ।' धिताचौर वनस्पति उद्यान समुन्द्री सतहदेखि करिब २ हजार ५ सय ४२ मिटर उचाइमा छ।

४.३६ हेक्टर क्षेत्रफलमा फैलिएको नेपालको अग्लो स्थानमा रहेको वनस्पति उद्यान हो। उद्यानमा किसानहरु भेला गराएर वनस्पति संरक्षणका तालिमहरु प्रदान हुने गरेको छ। वनस्पतिको महत्वका बारेमा सन्देश फैलाइन्छ। तर अहिले सिचाइँको अभावमा सुकिरहेको छ।

यहाँको विरुवा जुम्ला लगायतका कर्णालीको हुम्ला, मुगु, कालिकोट र डोल्पा सम्म किसानले लैजान गरेका छन्। उद्यानमा जटामसी, पाँच औले, अतिस, सुगन्धवाल, सुमायो, धुपजडी, मेन्था, पाषण बेद लगायतका जडिबुटीहरु रोपिएका छन्।

पाटनमा लोप भइरहेका वनस्पतीहरु यही देख्न पाइन्छ। स्वदेशी तथा विदेशी पर्यटकहरु समेत वनस्पति अध्ययन अवलोकनका लागि धिताचौर पुग्ने गरेका छन। तर त्यही वनस्पति उद्यान सिचाइ अभावले सुकिरहेको छ। अहिले मानिसहरु वनस्पति हेर्न र ल्याउन भन्दै गइरहन्छन्। सुकेका विरुवाहरु देखेर उनीहरु विरक्त बनेर फर्कन्छन्।

सिंजाका खड्कबहादुर रोकायाले खडेरीले विरुवाहरु सुकेको देख्दा चिन्ता लाग्ने गरेको बताए। उनले भने, 'अब तिला नदिबाट लिफ्ट सिचाइँको माध्यमबाट भएपनि उद्यानमा पानी पुर्‍याउनुपर्छ। जसका लागि तीनतहकै सरकारले पहल गर्नुपर्ने देखिन्छ।' उद्यानमा रहेका रोज बाटिका, शोभनीय बाटिका, उन्यू बाटिका जस्ता बाटिका पर्यटकको लागि मनोरन्जनको केन्द्र बनेको छ।

## रारास्थित...

रहेका ग्याँसको सिलिण्डर पड्कदा अन्य तीन भवनमा क्षति पुर्‍याएको थियो। प्रहरी, सेना र सशस्त्र प्रहरीले होटलमा रहेका पाहुनालाई तत्काल उद्धार गरी नजिकै रहेका होटल, सेनाको ब्यारेक, निकुञ्ज कार्यालयमा सारिएको थियो।

घट्नापछि यहाँको अवस्था सामान्य बन्दै गएको छ। यहाँ घुम्न आएका सबै आन्तरिक तथा बाह्य पर्यटक सुरक्षित रहेका छन्। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक अचुतराज आचार्यका अनुसार गोपाल बमले सञ्चालन गरेको 'डाँफे' होटलमा आगो लागेको थियो। आगलागी भएपछि ग्यास सिलिण्डर पड्किँदा पाँचवटा घर जलेर नष्ट भएका थिए। "काठका चार घर र ढुङ्गा माटोबाट निर्मित एउटा घर जलेर पूर्ण रुपमा नष्ट भएको छ", उनले भने।

## बाँके...

यहाँ ३४ किसिमका स्तनधारी, ५० किसिमका दुर्लभसहित ३०० भन्दा बढी प्रजातिका चराचुरुङ्गी, २४ किसिमका घस्रने जनावर, र ५५ भन्दा बढी प्रजातिका माछा पाइन्छन्। स्थानीय तह, निजी क्षेत्र, र सरकारको संयुक्त प्रयासले बाँके राष्ट्रिय निकुञ्जलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना रहेको सरोकारवालाहरूको निष्कर्ष छ।

## यी...

मन्त्रालयका अनुसार सुर्खेतको आदर्श मावि, दैलेखको आठबिस नगरपालिका-४ राकम कर्णालीस्थित जनज्योति मावि, डोल्पाको ठुलोभेरी नगरपालिका-३ को सरस्वती मावि, जुम्लाको कनकासुन्दरी मावि नमुना विद्यालयकारुपमा छनौट भएका छन्। त्यस्तै, कालिकोटको नरहरिनाथ गाउँपालिका-१ को नन्दादेवी मावि, मुगुको मुगुमकार्मारोङ गाउँपालिका-३ को नेपाल राष्ट्रिय आवि र हुम्लाको अदानचुली गाउँपालिका-५ को सल्लाघारी मावि नमुना विद्यालयको पूर्वाधार निर्माणमा छनौट भएका छन्।

त्यस्तै, गत वर्ष जाजरकोट केन्दविन्दु भई गएको भूकपम्बाट प्रभावित बनेका तीन जिल्लाका सात सामुदायिक विद्यालय पनि नमुना विद्यालयका रुपमा छनौट भएका छन्। जसमा सल्यानको कपुरकोट गाउँपालिका-४ किमुचौर स्थित नेपाल राष्ट्रिय मावि र दार्मा गाउँपालिका-३ को फारुलाचौरस्थित जनज्योति मावि रहेका छन्।

त्यस्तै, रुकुम पश्चिमको चौरजहारी नगरपालिका-२ नयाँ बजारस्थित शितल मावि र मुसिकोट नगरपालिका-५ सेरीगाउँस्थित यमुना नन्द माविलाई पनि नमुना विद्यालय बनाउँन छनौट गरिएको छ। जाजरकोटको छेडागाड नगरपालिका-१२ को नारायणी मावि र शिवालाय गाउँपालिका-६ को इन्द्रज्योति मावि पनि 'मुख्यमन्त्री डिजिटल शिक्षा' र 'नमुना विद्यालय कार्यक्रम' अन्तर्गत छनौट भएका छन्। यी विद्यालयमा कार्यक्रम कार्यान्व्यनका लागि लागि चालु आर्थिक वर्षमा १० करोड बजेट छ। मन्त्रिपरिषद्को बैठकबाट कार्यक्रम स्वीकृत भएसँगै उक्त बजेटबाट १३ वटा विद्यालयलमा कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहको खातामा ७५ लाखका दरले रकम निकासा हुने सामाजिक विकास मन्त्रालयले जनाएको छ।

## फोर्स...

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख वकिल सुनारका अनुसार लामिछानेको थप उपचारका क्रममा मृत्यु भएको हो। घाइते हुनेमा बराहताल गाउँपालिका-५ कि ४२ वर्षीय मनिषा लामिछाने, ३३ वर्षीय सुनिता रिजाल, दुल्लु नगरपालिका-२ का ४३ वर्षीय दिलु भण्डारी, २१ वर्षीय भगवती थापा, २० वर्षीय डिलबहादुर शाही र दुल्लु नगरपालिका-४ का २२ वर्षीय कमल बिश्वकर्मा रहेका छन्।

त्यस्तै, दुल्लु नगरपालिका-४ का २९ वर्षीय मिनराज पाण्डे, ३९ वर्षीय उपेन्द्र खड्का, २८ वर्षीय नारायणप्रसाद उपाध्याय, ३६ वर्षीय पूर्णबहादुर विक घाइते भएको प्रहरीले जनाएको छ।

## तीन...

कर्णाली प्रदेशका सामुदायिक विद्यालयहरूको शिक्षण सिकाइ क्रियाकलापमा सुधार, शैक्षिक सामग्रीसहितको बालमैत्री कक्षाकोठा व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलापमा नवीनतम् प्रविधिको प्रयोग, शिक्षकको पेशागत विकासमा सहयोग गरी बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याइ सार्वजनिक शिक्षामा स्थानीय तहलाई बढी जिम्मेवार र जवाफदेही बनाउँदै गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्ने हेतुले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा (३) र कर्णाली प्रदेश सुशासन नियमावली २०७९ को नियम (८) को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले कार्यविधि बनाएको थियो। जसअनुसार आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा विद्यालय शिक्षालाई गुणस्तरीय एवम् प्रभावकारी बनाउन स्थानीय तहसँगको सहकार्यमा प्रत्येक स्थानीय तहमा एक/एक वटा नमुना विद्यालय सञ्चालन गर्ने उल्लेख थियो। जसका लागि सो आर्थिक वर्षमा सरकारले ३९ करोड ५० लाख रकम विनियोजन गरेको भए पनि कार्यक्रम कार्यान्वयनको तहमा जान सकेन।

आर्थिक वर्ष २०७९/०८० मा यो कार्यक्रमका लागि ३३ करोड ६० लाख बजेट विनियोजन भएको थियो। यस्तै, गत आर्थिक वर्ष २०८०/८१ मा संशोधन भएर आएको कार्यक्रमका लागि १४ करोड बजेट विनियोजन भएको थियो। गत आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनौट गरी रकम पठाउन नसक्दा बजेट फ्रिज भएको थियो। कर्णाली प्रदेशको सार्वजनिक शिक्षा सुधारसम्बन्धी कार्यविधि बनाइएको लामो समय भइ सक्दासमेत प्रदेश सरकारले कार्यान्वयनको चरण लैजान विभिन्न प्राविधिक कारण देखाउँदै आलटाल गर्दै आएको थियो।

# धनगढीमा 'विशेषज्ञ चिकित्सा वडा क्लिनिक सेवा'

**युग संवाददाता**
**काठमाडौँ, १५ फागुन ।**

कैलालीको स्वास्थ्य क्षेत्रमा रहेका विभिन्न समस्याका बारेमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता एवं सहसचिव डा प्रकाश बुढाथोकीलाई ध्यानाकर्षण गराइएको छ।

जिल्लाका १३ वटै स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुख/प्रतिनिधिले सुदूरपश्चिम प्रदेशका स्वास्थ्य निर्देशक डा खगेन्द्र बममार्फत सहसचिव डा बुढाथोकीलाई सङ्घीय सरकारले तत्काल समन्वय एवं समाधान गरिनुपर्ने कामका बारेमा जानकारी गराएको हो।

जिल्लाको स्वास्थ्य अवस्थाका बारेमा स्थलगत अनुगमन गर्न त्यहाँ पुग्नुभएका स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्रका प्रमुख डा बुढाथोकीले धनगढी उपमहानगरपालिकाद्वारा हरेक वडामा सञ्चालित 'विशेषज्ञ चिकित्सा वडा क्लिनिक सेवा' तथा नसर्ने रोगको 'स्क्रिनिङ'का अनुगमन समेत गर्नुभएको थियो।

सो अवसरमा धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमालले उपमहानगरपालिकाद्वारा सम्पादित स्वास्थ्य सेवा प्रवाहका बारेमा जानकारी गराउँदै हरेक वडामा सञ्चालित 'विशेषज्ञ चिकित्सा वडा क्लिनिक सेवा' थालनी गरिएको र सङ्घीय सरकारले उपमहानगरपालिकालाई थप स्वास्थ्य क्षेत्रमा थप लगानी बढाउन आग्रह गरिएको थियो।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले 'विशेषज्ञ चिकित्सा वडा क्लिनिक सेवा' नवीनतम एव अनुकरणीय कार्य रहेको चर्चा गर्दै स्वास्थ्य मन्त्रालयबाट थप समन्वय र सहयोग हुने जानकारी दिएका थिए। सोही अवसरमा प्रवक्ता डा बुढाथोकीले करागार कार्यालय कैलालीमा रहेका कैदीबन्दीलाई प्रदान भइराखेको स्वास्थ्य सेवाका बारेमा समेत जानकारी लिएका थिए।

# विमानस्थलबाट तीन किलो ७४५ ग्राम सुनसहित चारजना पक्राउ

**युग संवाददाता**
**काठमाडौँ, १५ फागुन ।**

प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तीन किलो ७४५ ग्राम सुनसहित तीन महिला र एक पुरुष गरी चार जना विदेशी नागरिकलाई पक्राउ गरेको छ।

गएराति फलाइ दुबइको उडानमार्फत काठमाडौँ आएका अख्मादजानोभना दिलफुजा मारिफ अलिभ, इजराइलोभना साओदत फेजिभा, सरदोर त्रुस्अनोभ र गुलाम्दजानोभन उमिदअख्मेदोभलाई सुनसहित पक्राउ गरिएको भित्रुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सोमेन्द्रसिंह राठौरले जानकारी दिए।

उनले भने, "गएराति फलाइ दुबइको उडानमार्फत काठमाडौँ आएका तीन महिला र एक पुरुषलाई टर्मिनल गेटमा हाम्रो टोलीले चेक जाँच गर्ने क्रममा सुनसहित फेला पारी पक्राउ गरेको हो।" पक्राउ परेका उज्वेकिस्तानका नागरिक रहेका र उक्त घटनाका विषय प्रहरीले थप अनुसन्धान गरिरहेको विमानस्थल सुरक्षा प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक राठौरले बताए।


## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल।

## बोलपत्र स्विकृतिको आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मितिः मिति : २०८१।११।१६**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति २०८१।१०।२४ गते राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरिएको सूचना अनुसार तोकिएको मितिसम्म पर्न आएका बोलपत्रहरुमध्य तपसिल बमोजिमको बोलपत्रहरुको न्यून्तम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राहि देखिन आएकाले बोलपत्र स्विकृतिका लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र. सं. | योजनाको नाम | बोलपत्र प्याकेज नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु (भ्याट बाहेक) | कै |
|---|---|---|---|---|---|
| १ | Sanitary Pad Procurement Process | CRM/SQ/GOODS/06/081/082 | Angel Touch Hygiene Manufacturing Pvt. Ltd. | ६,१८,३६३/– | |

**पूर्ण बहादुर वि. क.**
**(प्रमुख प्रशासकीय अधिकृत)**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# वनगाउँका एकसय घर तरकारी खेतीमा

**युग संवाददाता**
**टीकापुर, १५ फागुन ।**



कैलालीको टीकापुर-८ वनगाउँको पूरै गाउँ तरकारीखेतीमा लागेको छ। सुरुका दिनमा आफ्नै उपभोगका लागि तरकारी उत्पादन सुरु गरेको भए पनि पछिल्लो समय उनीहरू व्यावसायिक भएका छन्। तरकारीले बजार पाउन थालेपछि उनीहरू व्यावसायिक खेतीमा लागेको बताउँछन्। "हाम्रो पूरै गाउँ तरकारीखेतीमा लागेको छ", स्थानीयवासी तीर्थ चौधरीले भन्नुभयो, "थोरै धेरैको कुरा हो तर सबैजसो तरकारी खेतीमा लागेका छन्।"

उनका अनुसार गाउँमा करिब सय घर छन् ती सबैले मौसमी र बेमौसमी खेती गर्न लागेका हुन्। यतिखेर त्यस गाउँमा खुर्सानी, टमाटर र गोभी उत्पादन भएको देख्न पाइन्छ। टमाटर र गोभीले खासै मूल्य नपाएको किसानको गुनासो छ। टमाटर प्रतिकिलो रु १०, काउली रु २० मा प्रतिकिलो र खुर्सानी रु ७० मा थोक मूल्यमा लिने गरेको उनीहरूको भनाई छ। खुर्सानीले सुरुमा मूल्य नपाए पनि अहिले राम्रो मूल्य पाएको किसान तीर्थले बताए। "तरकारीमा राम्रो आम्दानी लिनका लागि अरुको उत्पादनभन्दा पहिला उत्पादन हुनुपर्छ", चौधरीले भने, "काउली र टमाटर सबैसँग भएकाले मूल्य खासै छैन तर सुरुमा उत्पादन गर्नेले धेरै मूल्य पाएका थिए।"

उनले टमाटर र काउली ढिला भयो भन्दै खुर्सानीबाट आम्दानी लिने बताए। मौसमी तरकारी खेती गर्दै आएका किसानले मौसमीभन्दा बेमौसमी तरकारीले मूल्य पाउने कुरा बुझेपछि बैमौसमी तरकारी उत्पादन गर्न आकर्षित भएका छन्। समयभन्दा छिटो उत्पादन गर्दा राम्रो मूल्य पाइन्छ र सबैको उत्पादन भएपछि बजार मूल्य पाइँदैन भन्ने कुरा सबैले बुझ्दै गएको स्थानीय मानबहादुर चौधरीले बताए। किसानले पाँच कट्ठादेखि एक बिघासम्म तरकारीखेती गर्दै आएका छन्।

राजापुर र टीकापुर बजारमा तरकारी खपत हुन् थालेपछि त्यस गाउँका किसान तरकारीखेतीमा हौसिएको मानबहादुरले बताए। "हाम्रो उत्पादन भएको तरकारी बर्दियाको राजापुर र टीकापुरका थोक व्यापारीले खरिद गर्ने गरेका छन्", चौधरीले भने, "गाउँमै आएर तरकारी किन्ने गरेका छन्, कतिपयले आफैँ हाटबजारमा लगेर बिक्री गर्ने गरेका छन्।"

कात्तिकमा लगाएको तरकारी पुस महिनाबाट बिक्री गर्न तयार भएको चौधरीले बताए। "कात्तिकमा लगायौँ, ढिलो भएकाले उत्पादन पनि ढिलो हुँदा खासै मूल्य पाइएन", चौधरीले भने, "गाउँ पूरै तरकारीखेतीमा लागेकाले तरकारीका थोक व्यापारीलाई पनि सहज भएको छ।"

तरकारीका थोक व्यापारी वनगाउँमा तरकारी पाइन्छ भनेर ढुक्क भएर आउने गरेको स्थानीयको भनाइ छ। किसानले आफ्नो बिक्री भएपछि अर्को छिमेकीको बिक्रीमा सघाउने गरेका छन्। उत्पादन भएको तरकारी लगभग बिक्री भएको अवस्था छ। यसरी तरकारीको आम्दानीले सामान्य खर्च धान्न सजिलो हुने गरेको भौना चोधरीले बताउनुभयो। चौधरी गाविसका पूर्वउपाध्यक्ष समेत हुनुहुन्छ। उसो त उनीहरू धान र गहुँ खेती पनि गर्छन्। बाढी ग्रस्त क्षेत्र भएपनि त्यो गाउँ तरकारीमा आत्मनिर्भर भनेर चिनिन थालेको छ। "गाउँ पूरै तरकारीमा लागेको हुँदा युवा र महिला पनि आफ्नो पकेट खर्च निकाल्न तरकारीखेतीमा लागेको पाइन्छ", उनले भने, "आधुनिक बीउ पाइने र टनेलमार्फत खेती गर्दा बेमौसमी खेतीगर्न सजिलो भएको छ।"

# १५ कृषिमा यान्त्रिकीकरणले व्यावसायिक खेती गर्ने बढ्दै

**युग संवाददाता**
**कञ्चनपुर, १५ फागुन ।**

कृषिमा यान्त्रिकीकरण हुन थालेपछि कञ्चनपुरमा व्यावसायिक खेती गर्ने किसानको सङ्ख्या बढ्न थालेको छ। खेत जोत्नका लागि आधुनिक ट्र्याक्टर, पावर टिलर, मिनी टिलरलगायतको प्रयोग हुन थालेपछि युवाहरूको आकर्षण कृषितर्फ बढ्न थालेको हो। कृषिमा यान्त्रिकीकरणलाई बढावा दिन प्रधानमन्त्री आधुनिकीकरण परियोजनाले पनि महत्वपूर्ण भूमिका खेलेको छ।

कृषि यान्त्रिकीकरणले कार्यबोझ घटाउने, थोरै समयमा धेरै कार्य गर्न सकिने, लागत खर्च घट्ने, जमिनको उत्पादकत्व बढाउने, जलवायु परिवर्तनको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने भएकाले यसतर्फ किसानको आकर्षण बढ्दै गएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ कञ्चनपुरका प्रमुख सञ्जु उपाध्याय रिमालले बताए।

किसानलाई सरकारी तवरबाट आधा मूल्यमै अनुदानमा कृषि उपकरण तथा औजार उपलब्ध गराउने व्यवस्था भएसँगै निकै सहज रूपमा कृषिजन्य कार्य गर्न सकिएको उनले बताए। रिमालका अनुसार परियोजनाबाट आर्थिक वर्ष ०७३/७४ देखि चालु आवसम्म जिल्लाका विभिन्न ठाउँमा गरी १० वटा कष्टम हायरिङ सेन्टर स्थापना गरी किसाानलाई सहुलियत दरमा कृषियन्त्र तथा उपकरणका माध्यमबाट सेवा प्रदान गरिँदै आएको छ।

धान सुपरजोन कार्यक्रम लागू भएका क्षेत्रमा स्थापना भएका सेन्टरबाट किसानले बजार दरभन्दा २० प्रतिशत सहुलियतमा कृषि औजार तथा उपकरण प्रयोग गरिरहेका छन्। जसकारणले उत्पादन लागतमा कमी आउनाका साथै कार्यबोझमा निकै कमी आएको पाइएको उनको भनाइ छ।

केन्द्रलाई सातवटा ट्र्याक्टर, २२ वटा पावर टिलर, ११ वटा रिपर, दुईवटा ड्रन रिपर, पाँचवटा ट्र्याक्टर ट्राली, सात रोटाभेटर, लेजर ल्यान्ड लेभलर एका, धान थ्रेसर सात, गहुँ थ्रेसर पाँच, डिस्क ह्यायारो चारा, मल्टिक्रप सिड ड्रिल चार र पाँचवटा राइस ट्रान्सप्लान्ट अनुदानमा उपलब्ध गराइएका छन्।

त्यसैगरी, केज ह्विल आठ, पावर स्प्रेयर डबल पिस्टन दुई, इलेक्ट्रोनिक स्प्रेयर एक र एक वटा रिपर हारभेष्टर अनुदानमा उपलब्ध गराइएको छ। योसँगै धान सुपर जोन तथा गहुँ जोन क्षेत्रभित्रका ६८ कृषक समूह, सहकारी संस्था, कृषि फार्मलगायतलाई ११८ कृषियन्त्र तथा उपकरण अनुदानमा उपलब्ध गराइएको कार्यालय प्रमुख उपाध्यायको भनाइ रहेको छ।

"कृषि यान्त्रिकीकरण प्रवर्द्धन भई जनश्रमबाट हुने गरेको धान तथा गहुँ कटाइको कार्य रिपर मेसिनबाट हुन थालेको छ", उनले भने, "छरुवा धानखेतीसँगै मेसिनबाट धान रोपाइँ गर्न सहज भएपछि नियमितका साथै चैते धानखेतीप्रति आकर्षण बढेको छ।"

परम्परागत विधिबाट खेती गर्दा औसतमा एक हेक्टर क्षेत्रफलमा रु ९० हजार खर्च लाग्ने भएकामा छरुवा धानखेती प्रविधिमार्फत खेती गर्दा औसतमा रु ५४ हजार उत्पादन लागत रहेको पाइएको छ। मेसिनबाट धान रोपाइँ प्रविधितर्फ कृषकहरूको आकर्षण बढेकाले आव २०८०/८१ मा ३५ हेक्टर क्षेत्रफलमा मेसिनबाट धान रोपाइँ कार्यक्रम सञ्चालन गरिएको परियोजना कार्यान्वयन एकाइले जनाएको छ।

कृषि क्षेत्रमा भइरहेको श्रमशक्तिको अभाव र कष्टप्रद श्रमभार जस्ता समस्याहरू समाधान गर्न कृषिमा यान्त्रिकीकरण गर्नु अत्यावश्यक भएको रिमालको भनाइ छ। परियोजनाअन्तर्गत जिङ्क, बोर्लोग, आदित्यलगायत उन्नत जातका गहुँ सिड ड्रिल तथा सुपर सिडर मेसिनको प्रयोगमा किसानको आकर्षण बढेको छ। उनले आव २०८०/८१ मा १२५ दशमलव ६६ हेक्टरमा विजय, आदित्य, वी एल-४३४१, वाणगङ्गा जातका गहुँखेती प्रवर्द्धन गरिएको बताए। चालु आवमा ७३ हेक्टर क्षेत्रफलमा गहुँ बीउ उत्पादन भइरहेको छ।

# मेला, महोत्सवका नाममा सुर्तीजन्य पदार्थको विज्ञापन नगर्न आग्रह


**युग संवाददाता**
**काठमाडौँ, १५ फागुन ।**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विभिन्न मेला, महोत्सव तथा जात्राका नाममा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन नगर्न आग्रह गरेको छ। मन्त्रालयले केही मेला, महोत्सव र जात्राका नाममा सुर्तीजन्य पदार्थको उत्पादक सङ्लग्नता भएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यस्ता मेला, महोत्सव र जात्रामा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन नगर्न आग्रह गरेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को दफा १० मा 'उत्पादकलगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो टेलिभिजन, इन्टरनेट, इमेलजस्ता विद्युतीय सञ्चारमाध्यम, अन्तरक्रिया कार्यक्रम, होडिङ बोर्ड, भित्ते लेखन, लोगो सङ्केत, चिन्ह वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रममा समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाइने छैन' उल्लेख छ। मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले उक्त कानुन विपरीत सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गरेको पाइएमा कानुन बमोजिम कारवाही हुने बताए। सुर्तीजन्य पदार्थको सेवन मानव स्वास्थ्यका लागि अन्यन्त हानिकारक भएको र त्यस्ता पदार्थको सेवनले मानवजीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापसमेतमा नकारात्मक असर पर्ने भएकाले मेला महोत्सवमा प्रयोजक नराख्न उनले आग्रह गरे। सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ तथा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ र सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमुलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका २०८१ जारी भएको छ।


घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।



प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घुयँत्रो



के ओलिबा (प्रधानमन्त्री) त बिनाहिसाब किताब बेस्सरी खनिए त हँ माष्टर साहेबहरुमाथि। पढाउने बेलाँ संगठनका नाममा दौडिने अनि रिजेल्ट चाइँ ५२ प्रतिसत मात्रै ल्याउने अनि यिनैलाई तनखा बढाउनु पर्ने यो कदापि हुन सक्दैन भनेर माष्टरहरुबिरुध्द गर्जन हाले छि माष्टर साहेबहरु चुपचाप हुने अबस्था पो आयोत हँ। हुन पनि अस्थायीलाई स्थायी बनाईदेउ,ज्यालादारीलाई करारमा ल्याइदेउ,कसैलाई दरबन्दीमा राख्देउ ,अर्थात अनेकन बहुरुपि नाममा माष्टरमा जागिरे भा जतिलाई पैला स्थायी गराइदेउ अनि तनखा बढाई देउ भनेर सरकारलाई घुर्क्याउँदै हिँड्या माष्टरहरु प्रधानमन्त्री कै झपर्कॉं परेछि आन्दोलनको त कुरै छोडौँ बिचराहरु मुखा' ट वाफै फाल्न नसक्ने स्थितयाँ पुग्याछन। ओलिबा नरिसाउन पनि किन के आफ्नो सरकारको र आफ्नै मन्त्रालयको कार्य प्रगति बिवरण मा १८ / १९ प्रतिसत मात्रै आएछि विपक्षी दलका नेताहरले खिस्सिटिउरि गरि रा बेलाँ केटाकेटि ५२ प्रतिसतमात्रै पास गराउने अनि तनखा बढा, स्थायी गरा भनेर सरकारलाई टेन्सन दिन गएछि ओलिबालेनि आँखाकान केही नदेखेर रिसको झोकाँ के के बतुराय बतुरायनि! चिन्ता नगर्नोस माष्टर साहेबहरु तपाईंनि कमिनिष्टकै जुठोपिठो खाएर हुर्कि राख्नु भाछ ओलिबाको जुठो पिठो खा' का हरले बालाई राम्ररी सम्झाए भने बा पनि कुरा बुझ्छन। एमाल्या चुनाउ प्रचार र संगठन निर्माणमा तपाइँहरले जति योगदान एमालेका संगठित सदस्यले समेत गर्याछैनन होला। त्यसैले गाउँघराँ यौटा उखानछ नि ' आफ्नाले भन्छ झाँसेर पराईले भन्छ हाँसेर झ भन्छननि ओलिबाले त्यस्तै गर्यानि हुनसक्छ। त्यसैले माष्टर साहेबहरु चिन्ता नगर्नोस तपाइँले नपढाएर भन्दानि विद्यार्थीले नपढेर रिजल्ट कमजोर देख्याहो विद्यार्थीले पढेभने सतप्रतिसतै पास गराउनेछम् प्रधानमन्त्री ज्यु भनेर सेवा चाकरिमा गै हाल्नोस त! बा खुसि भै हाल्नु हुन्छ नि! आखिर बाले पनि त आफू प्रधानमन्त्री हुने बित्तिकै सबै मन्त्रालयसहित आँफूअण्डरका मन्त्रालय र विभागको काममानि सतप्रतिसत प्रगति गराएर देखाउनु पर्छ भनेर जिम्मा लिनुभाथ्यो तर बिचरा प्रधानमन्त्री सहित सबै मन्त्रालयका प्रगति ३० प्रतिसत नि पुगेन। ह्वाको त अँझ १९ प्रतिसत मात्रै हो कि क्या ? कर्मचारीले नचाहेछि जसरि उहाँको प्रगति लक्ष्यमा पुगेन त्यसरिनै विद्यार्थीले नपढदेछि तपाइँहरको प्रगति लक्ष्याँ पुगेन र ५२ प्रतिसतमात्रै पास भए कभभ मा हैन र ? चिन्ता नगर्नोस माडसाबहरु यो पटक तनखा नबढेनि आउने चुनाबसम्म बाले तपाइँहरको तलब बढाइ दिनु हुन्छ। अनि बाको जयहोस भन्दै एमालेको (सूर्य) प्रचार गर्दै हिँड्नु होला। कि कसो!

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रू. ८,00,000/-**

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेलः yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत




हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि :
९८५८०७१९०२

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।